# प्रदेश विपद् व्यवस्थापन ऐन, २०८१

moial.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

राप्ती उपत्यका (देउखुरी) नेपाल।

# प्रदेश विपद् व्यवस्थापन ऐन, २०८१

**प्रमाणीकरण र प्रकाशन मिति**

२०८१/०६/२०

## सम्वत २०८१ सालको ऐन नं ०३

**प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् पूर्वको तयारी, विपद् जोखिम न्यूनीकरण, पीडितको उद्धार, राहत वितरण, पुनर्स्थापना र पूनर्लाभ तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश विपद् व्यवस्थापन ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,-

(क) **"कार्यकारी समिति"** भन्नाले दफा ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(ख) **"केन्द्र"** भन्नाले दफा २८ बमोजिमको **"प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र"** सम्झनु पर्छ।

moial.lumbini.gov.np

(ग) **"कोष"** भन्नाले दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) **"कोष सञ्चालक समिति"** भन्नाले दफा १३ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

(ङ) **"गैरप्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ।

(च) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) **"परिषद्"** भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ज) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

moial.lumbini.gov.np

(झ) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको विपद् सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) **"राष्ट्रिय कार्यकारी समिति"** भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ट) **"राष्ट्रिय परिषद्"** भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(ठ) **"राष्ट्रिय प्राधिकरण"** भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ड) **"विपद्"** भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षति, जलवायुजन्य प्रकोप, जैविक, साँस्कृतिक सम्पदा, जीवजन्तुको क्षति साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ढ) **"विपद् खोज तथा उद्धार समूह"** भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(ण) **"विपद् जोखिम न्यूनीकरण"** भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका

moiallumbini.gov.np

कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(त) "**विपद् प्रतिकार्य"** भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

(थ) **"विपद् पुनर्लाभ"** भन्नाले विपद्को घटनापछि गरिने पुनःनिर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(द) "**विपद् व्यवस्थापन**" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

(ध) "**व्यावसायिक प्रतिष्ठान**" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

(न) **"संघीय ऐन**" भन्नाले "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" सम्झनु पर्छ।

(प) **"संघीय मन्त्रालय"** भन्नाले नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(फ) **"सार्वजनिक संस्था"** भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था र प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

moial.lumbini.gov.np

## परिच्छेद- २

## परिषद्को गठन र काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था

**३. प्रदेश विपद् व्यवस्थापन परिषद्:** (१) विपद् व्यस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्न, आवश्यकता अनुसार कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन गर्न तथा निर्देशन दिनका लागि प्रदेशमा एक विपद् व्यवस्थापन परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) मन्त्री, मन्त्रालय | -सदस्य |
| (ग) प्रदेश सरकारका मन्त्रीहरु | -सदस्य |
| (घ) प्रदेश सभाको विपक्षी दलको नेता | -सदस्य |
| (ङ) प्रमुख सचिव, प्रदेश सरकार | -सदस्य |
| (च) उपाध्यक्ष, प्रदेश योजना आयोग | -सदस्य |
| (छ) विपद्का क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट परिषद्ले मनोनयन गरेका एक जना महिला सहित तीन जना | -सदस्य |
| (ज) सचिव, मन्त्रालय | -सदस्य सचिव |

(३) परिषद्लाई विपद् व्यवस्थापन गर्नको लागि यस ऐनको सीमा भित्र रहेर नीति तथा योजना बनाउने अधिकार हुनेछ।

(४) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्ष रहनेछ।

moial.lumbini.gov.np

(५) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषद्‌ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको परिषद्‌को बैठकमा विपद् विषय हेर्ने प्रदेश सभाको विषयगत समितिले खटाएको उक्त विषयगत समितिको सदस्यलाई परिषद्‌ले परिषद्‌को बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्नु पर्नेछ।

४. **<u>परिषद्‌को बैठक सम्बन्धी व्यवस्था</u>**ः (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा परिषद्‌को बैठक बस्नेछ।

(२) परिषद्‌को सदस्य-सचिवले परिषद्‌को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा अठ्चालीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

तर तत्काल परिषद्‌को बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले अठ्चालीस घण्टा अगावै परिषद्‌को आकस्मिक बैठक बोलाउन सक्नेछ ।

(३) परिषद्‌को बैठकमा अध्यक्ष र एक चौथाई सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्‌को बैठक तत्काल बोलाउन आवश्यक परेमा अध्यक्षले जुनसुकै बेला पनि बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा परिषद्‌को बैठक बस्न सक्नेछ।

moha.lumbini.gov.np

(५) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

५. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशस्तरमा विपद् व्यस्थापन सम्बन्धी नीति, योजना तथा मापदण्ड स्वीकृत गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत नीति, योजना तथा मापदण्ड कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरी कार्यकारी समितिलाई निर्देशन दिने,

(ग) प्रदेशमा विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीको लागि आवश्यक श्रोत साधनको प्रबन्धका लागि कार्यकारी समितिलाई निर्देशन दिने,

(घ) विपद् पूर्व तयारी, विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य र पूनर्लाभको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्य सञ्चालनमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्न कार्यकारी समितिलाई निर्देशन दिने,

(ङ) प्रदेशभित्र विपद् प्रभावित क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था आएमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामाग्री वा सहयोगलाई लाभग्राहीको प्राथमिकता निर्धारण गरी

moial.lumbini.gov.np

समन्वयात्मक रुपमा वितरण एवम् उपयोग गर्ने, गराउने सम्बन्धमा कार्यकारी समितिलाई निर्देशन दिने,

(छ) जिल्ला तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन कार्यकारी समितिलाई निर्देशन दिने,

(ज) विपद् व्यस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तरराष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्न लगाउने,

(झ) नेपाल सरकारबाट अन्य कुनै प्रदेशमा विपद् संकटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा संकटग्रस्त क्षेत्रको व्यवस्थापनका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट आवश्यक सहयोग गर्न कार्यकारी समितिलाई निर्देशन दिने,

(ञ) प्रदेशभित्रका नागरिकको विपद्बाट हुनसक्ने सम्भाव्य क्षतिबाट सुरक्षाका लागि विपद् विमा सम्बन्धी नीतिगत व्यवस्था गर्ने,

(ट) विपद्को कारण मृत्यु भएका, व्यक्ति, घरपालुवा र वन्यजन्तु उचित व्यवस्थापन सम्बन्धी कार्य योजना बनाउने,

(ठ) स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद् कोषको व्यवस्था गर्न मार्गदर्शन गर्ने,

(ड) सरोकारवाला मन्त्रालयमा, विपद् हुँदा आफू मातहतका निकायबाट तत्काल राहत उपलब्ध गराउन कोष वा रकमको व्यवस्था गर्ने,

(ढ) विपद्को समयमा विपद् व्यवस्थापनसँग सम्बन्धित अन्य आवश्यक आपतकालीन काम गर्ने, गराउने ।

moialumbini.gov.np

## परिच्छेद-३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **कार्यकारी समितिः** (१) विपद् व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका सदस्य रहने गरी एक कार्यकारी समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) | प्रदेश सरकारका मन्त्रालयका सचिवहरु | -सदस्य |
| (घ) | प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (ङ) | प्रदेश अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी | -सदस्य |
| (च) | सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको कार्यकारी समितिको बैठकमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रदेशस्तरीय प्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ।

(३) कार्यकारी समितिले आवश्यकतानुसार विपद् व्यवस्थापनसँग सम्बन्धित सरोकारवाला निकाय र संघ संस्थाहरुलाई आमन्त्रण गर्न सक्नेछ।

७. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) विपद् व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, योजना र मापदण्ड तर्जुमा गरी परिषद् समक्ष पेश गर्ने,

moial.lumbini.gov.np

(ख) परिषद्बाट स्वीकृत प्रादेशिक नीति, योजना तथा मापदण्डको अधीनमा रही विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा मापदण्ड लागू गर्ने, गराउने,

(ग) विपद् जोखिम न्युनीकरणका लागि विषयगत क्षेत्र अनुरुप आपत्कालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) आपत्कालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय स्थल तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्न सरोकारवाला निकायसँग समन्वय गर्ने, गराउने,

(छ) प्राकृतिक विपद्को सम्भावित असरलाई न्यूनिकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा सङ्कट सम्बन्धी नक्साङ्कन गर्ने, गराउने,

(ज) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(झ) विपद् जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, यौनिक तथा अल्पसंख्यक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति र

moial.lumbini.gov.np

संकटासन्न समूहहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ञ) उच्च विपद् तथा सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण कार्य सञ्चालन गर्ने, गराउने,

(ट) विपद् पूर्व चेतावनी प्रणालीको विभिन्न निकायसंग समन्वय गरी सञ्चालन गर्ने, गराउने,

(ठ) विपद् प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउन उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(ड) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सिर्जना तथा जीवनयापनका लागि आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ढ) विपद् प्रभावित क्षेत्रमा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ण) स्थानीय खोज उद्धार समूह गठन गर्न स्थानीय तहसँग आवश्यक सहकार्य गर्ने,

(त) विपद् व्यवस्थापनको कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित संघ संस्थासंग समन्वय गर्ने,

moial.lumbini.gov.np

(थ) प्रदेश मातहतका सुरक्षा निकाय लगायत सम्पूर्ण संयन्त्र परिचालन गर्ने,

(द) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन कार्यान्वयनका सम्बन्धमा गरेका कार्यको मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा व्यवसायिक प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(ध) विपद्को समयमा बजार मूल्य वृद्धि हुन नदिन, कृत्रिम अभावको सिर्जना हुन नदिन तथा गुणस्तर नियन्त्रण कायम राख्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(न) प्रदेशभित्र सार्वजनिक संरचना निर्माण गर्नुपूर्व विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(प) विपद् व्यवस्थापन सम्बन्धमा परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने,

(फ) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा संघ र स्थानीय तहसँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

८. **कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

moial.lumbini.gov.np

तर तत्काल कार्यकारी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले निश्चित समय तोकी तत्कालै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ।

(२) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले अध्यक्षको सम्पूर्ण कार्य गर्नेछ ।

(४) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षको मत नै निर्णायक मत मानिनेछ ।

(५) कार्यकारी समितिको अध्यक्षले आवश्यकतानुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) कार्यकारी समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ।

९. **विशेषज्ञ समिति गठन गर्न सक्नेः** (१) मन्त्रालयले विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन आवश्यकताको आधारमा तीन सदस्यीय विशेषज्ञ समिति गठन गरी त्यस्तो समितिबाट सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

moial.lumbini.gov.np

## परिच्छेद-४

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१०. **प्रदेश विपद् व्यवस्थापन कोषको स्थापनाः** (१) प्रदेश विपद् व्यवस्थापनका लागि एक विपद् व्यवस्थापन कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका बमोजिमका रकमहरु जम्मा गरिनेछ-,

(क) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ख) प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, निजीक्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(घ) व्यावसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

(ङ) प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश सभा सदस्य, प्रदेश निजामती कर्मचारी, सुरक्षा निकाय तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(च) खण्ड (घ) मा लेखिएदेखि बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

moial.lumbini.gov.np

(३) उपदफा (१) बमोजिमको कोष रिभल्भिङ फण्डको रुपमा सञ्चालन गरिनेछ।

**११. <u>कोषको प्रयोगः</u>** (१) दफा १० बमोजिमको कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ-

(क) विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) विपद्बाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) विपद्बाट प्रभावित व्यक्तिको भरणपोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने बसोबास, खाद्यान्न, लत्ता कपडा, टेन्ट, त्रिपाल औषधी तथा स्वास्थ्य सेवा, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु उपलब्ध गराउने,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधी उपचार गर्ने,

(ङ) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको सद्गत र काजक्रियाका लागि मृतकका आफन्तलाई आर्थिक सहायता प्रदान गर्ने,

(च) विपद्को कारणबाट भएको फोहोर मैलाको व्यवस्थापन तथा प्रदुषण नियन्त्रण गर्ने,

(छ) विपद्बाट प्रभावित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनर्स्थापना गर्ने,

(ज) विपद्बाट प्रभावित विद्यालय तथा अन्य सार्वजनिक महत्त्वका संघ संस्थाको मर्मत संभार तथा संरक्षण गर्ने,

moial.lumbini.gov.np

(झ) विपद्बाट पीडितको बासस्थान नभएको आंशिक तथा पूर्ण क्षति, पशुचौपायाहरुको क्षति, कुनै प्रकारको सम्पतिको क्षति मानवको मृत्यु सम्बन्धी विषयमा राहत प्रदान गर्ने,

(ञ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने, पूर्वसावधानी अपनाउने र पूर्वतयारीका कार्यहरु गर्ने ।

(२) उपदफा (१) बमोजिम कोषको रकम खर्च गर्दा रकमको दुरुपयोग हुन नदिन उपयुक्त मापदण्ड बनाई लागु गर्नु पर्नेछ।

(३) खोज, उद्धार र राहत वितरणमा लाग्ने प्रशासनिक खर्च कोष सञ्चालक समितिबाट स्वीकृत भए बमोजिम गर्न सकिनेछ।

**१२. <u>कोषको रकम प्रयोग हुन नसक्ने</u>:** यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः-

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब,भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) विपद्सँग सम्बन्धित विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

**१३. <u>कोष सञ्चालक समिति</u>:** (१) दफा १० बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

moial.lumbini.gov.np

(ख) प्रमुख, कानून महाशाखा, मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि (उप-सचिवस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) प्रतिनिधि (उप-सचिवस्तर), अर्थ मन्त्रालय -सदस्य

(ङ) प्रमुख, प्रदेश लेखा नियन्त्रण कार्यालय - सदस्य

(च) प्रमुख, विपद् व्यवस्थापन महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) कोष संचालन समितिको बैठकको कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. <u>**कोषको व्यवस्थापन तथा सञ्चालन:**</u> (१) कोषको रकम समितिबाट नेपाल राष्ट्र बैंक वा नेपाल भित्रका अन्य कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको खाता कोष सञ्चालक समितिको संयोजक र मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

१५. <u>**लेखा तथा लेखापरीक्षण:**</u> (१) कोषको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालय र अन्तिम लेखापरिक्षण महालेखा परीक्षकबाट हुनेछ।

१६. <u>**कोषको रकम वितरण गर्ने कार्यविधि:**</u> (१) कोषको रकम दफा ११ बमोजिमको प्रयोजनका लागि तोकिएको मापदण्ड बमोजिम खर्च गर्ने गरी आवश्यकतानुसार उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको

moial.lumbini.gov.np

औचित्य समेतलाई दृष्टिगत गरी कोष सञ्चालक समितिले उचित ठहराए बमोजिम व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यकतानुसार समन्वय गरिनेछ ।

## परिच्छेद–५

## जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. **जिल्ला विपद् व्यवस्थापन समितिः** (१) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी संघीय ऐन बमोजिम जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ।

(२) जिल्ला विपद व्यवस्थापन समितिको बैठक बस्दा उक्त जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यहरुलाई सो समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा प्रमुख जिल्ला अधिकारीले आमन्त्रण गर्नु पर्नेछ ।

(३) जिल्ला विपद् व्यवस्थापन समितिले प्रदेश विपद् व्यवस्थापन परिषद्बाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको विपद् व्यवस्थापन सम्बन्धी कामको विवरण सहितको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको असोज मसान्त भित्र तयार गरी कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ।

१८. **स्थानीय विपद् व्यवस्थापन समिति**ः (१) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी संघीय ऐन बमोजिम प्रत्येक गाउँपालिका तथा

moial.lumbini.gov.np

नगरपालिकामा गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति रहनेछ।

(२) स्थानीय विपद व्यवस्थापन समितिको बैठक बस्दा उक्त स्थानीय तहको क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यहरुलाई सो समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा गाउँ कार्यपालिका वा नगरकार्यपालिकाको अध्यक्ष वा प्रमुखले आमन्त्रण गर्नु पर्नेछ ।

(३) स्थानीय विपद् व्यवस्थापन समितिले प्रदेश समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-६

## सुरक्षा तथा अन्य निकायको परिचालन

१९. **सुरक्षा निकायको परिचालनः** (१) प्रदेश सरकारले विपद् व्यवस्थापनको काममा आफू मातहतका सुरक्षा निकायहरू लगायत अन्य निकायहरुलाई परिचालन गर्नेछ।

(२) नेपाल सरकारले विपद्को समयमा खोज, उद्धार र राहत कार्यका लागि प्रदेश सरकारसँग आवश्यक सहयोग माग गरेको अवस्थामा प्रदेश सरकारले आफू मातहतका सुरक्षा निकाय मार्फत सहयोग उपलब्ध गराउनेछ।

२०. **स्वास्थ्य सेवा प्रवाह गर्नेः** (१) विपद्को अवस्थामा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुले अनिवार्य रुपमा स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ।

moial.lumbini.gov.np

(२) स्वास्थ्य संस्थाले विपद्ग्रस्त क्षेत्रमा आवश्यकतानुसार अस्थायी स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ।

(३) विपद्को अवस्थामा स्वास्थ्यकर्मीहरु आफ्नो कार्य क्षेत्र भन्दा बाहिर रहेको अवस्था भएमा जुन स्थानमा रहेको छ सोही स्थानमा सेवा प्रवाह गर्ने गरी निजलाई खटाउन सकिनेछ।

२१. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको परिचालन गर्ने:**(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

२२. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःनिर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने, गराउने,

moial lumbini.gov.np

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी अवस्थामा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घट्नसाथ तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) प्रदेश भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रदेश विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा कार्यान्वयन गर्नु पर्नेछ।

(३) विपद्को समयमा स्वास्थ्य संस्था, दुरसञ्चार, ब्लड बैङ्क, खानेपानी सप्लायर्स, बिजुली, ईन्धन, ढुवानीका साधन, ग्याँस, इन्टरनेट, बैंकिङ्क, आमसञ्चार माध्यम, डिपार्टमेण्टल स्टोर, सुपरस्टोर तथा औषधि पसल, खाद्यन्न पसल, टेण्ट लगायत राहत सामग्री बिक्री गर्ने पसल जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकले अनिवार्य रुपमा सेवा प्रदान गर्नु पर्नेछ।

moial.lumbini.gov.np

२३. **<u>विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने</u>:** प्रदेश भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ वा संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा प्रदेश सरकारलाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःनिर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद–७

## <u>कसूर र सजाय</u>

२४. **<u>संघीय कानून बमोजिम हुने</u>**: कसूर तथा सजाय, हदम्याद, मुद्दाको अनुसन्धान र दायरी, मुद्दा हेर्ने अधिकारी र पुनरावेदन सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ।

२५. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>:** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरित गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लङ्घन हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन।

२६. **<u>क्षतिपूर्ती भराई दिनुपर्ने</u>:** कसैले यस ऐन विपरीतको कुनै कसूर गरेको कारणबाट कसैलाई हानि, नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिबाट हानि,

moial.lumbini.gov.np

नोक्सानी पुग्ने पक्षलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

२७. **<u>असल नियतले गरेको काममा सजाय नहुनेः</u>** यस ऐन बमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्बन्धमा कुनै राष्ट्रसेवक वा कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन।

## परिच्छेद -८

## प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र

२८. **<u>प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र सम्बन्धी व्यवस्थाः</u>**(१) विपद् पूर्वतयारी र प्रतिकार्य कार्यलाई परिणाममुखी बनाउन तथा विपद्जन्य घटनाको तथ्यांक एंव सूचना प्रणालीलाई चुस्त दुरुस्त र व्यवस्थित बनाउन प्रदेशमा मन्त्रालय अन्तर्गत एक प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्रको सचिवालयको काम मन्त्रालयको विपद् व्यवस्थापन समन्वय महाशाखाले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको केन्द्रको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम गरिनेछ।

२९. **<u>प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद्सँग सम्बन्धित घटनाको तथ्यांक संकलन, प्रशोधन, भण्डारण र नियमित प्रतिवेदन तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

moial.lumbini.gov.np

(ख) विपद् जोखिम न्युनिकरण सम्बन्धमा केन्द्रीय, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय र सहकार्य गर्ने,

(ग) राहत तथा उद्धार सामाग्रीहरुको अभिलेख तयार गरी नियमित रुपमा अद्यावधिक गर्ने,

(घ) समुदायमा आधारित सूचना संयन्त्रबाट प्राप्त सूचना जिल्ला, प्रदेश र केन्द्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसम्म पुऱ्याउन र जिल्ला र केन्द्रबाट जारी भएका पूर्वसूचना वा चेतावनीलाई जनसमुदाय स्तरसम्म पुऱ्याउने व्यवस्था मिलाउने,

(ङ) प्रत्येक स्थानीय तहमा रहेका प्रहरी चौकी एंव अन्य सुरक्षा निकायका कार्यालयमा वर्षा, वायु, हिमपात लगायतका पूर्वसूचना प्रणाली जडान गरी त्यस्ता निकायबाट निरन्तर सूचना संकलन गर्ने व्यवस्था मिलाउने,

(च) खोज तथा उद्धारको क्षमता, राहत सामाग्री भण्डारण तथा उपलब्ध हुने सम्भावित स्रोतको विवरण अद्यावधिक गर्ने र जोखिमयुक्त पहिचान गरिएका स्थानीय तहलाई उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने,

(छ) विपद् जोखिम न्यूनिकरणका सम्बन्धमा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गर्ने,

(ज) विपद्जन्य घटना भएको वा हुनसक्ने सूचना तत्काल कार्यकारी समितिलाई उपलब्ध गराउने,

mojalumbini.gov.np

(झ) विपद् घटना तथा खोज उद्धारका लागि सुरक्षा निकाय लगायतका सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ञ) राहत स्रोत र सामाग्रीको समिक्षा गरी नपुग स्रोत र साधनको व्यवस्थाका लागि कार्यकारी समिति समक्ष अनुरोध गर्ने,

(ट) विपद्का समयमा तत्काल खोज, उद्धार र राहत व्यवस्थापनको लागि स्रोत परिचालनको अभिलेख राख्ने,

(ठ) राहत वितरण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(ड) मन्त्रालय तथा कार्यकारी समितिबाट प्राप्त निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-९

## विविध

३०. **प्रदेश गोदाम घर सञ्चालनः** (१) प्रदेशमा भएका वा हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वको तयारी, पीडितको उद्धार, राहत वितरण, पुनर्स्थापना र पुनर्लाभ र यसको व्यवस्थापन जस्ता सबै क्रियाकलापका लागि आवश्यक पर्ने राहत सामग्रीको भण्डारणको लागि आवश्यकतानुसार गोदाम घर सञ्चालनमा ल्याईनेछ।

(२) उपदफा (१) बमोजिमको गोदाम घरमा नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकारको अनुमतिमा वैदेशिक दातृ राष्ट्र वा निकाय र संघ संस्था तथा व्यक्तिले दिएका राहत सामग्रीको भण्डारण गरिनेछ।

(३) उपदफा (१) बमोजिमको गोदाम घरको सञ्चालन, व्यवस्थापन र सुपरीवेक्षण मन्त्रालयले गर्नेछ।

moial.lumbini.gov.np

(४) गोदाम घर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **<u>तत्काल खरिद तथा निर्माण गर्न सकिने</u>:** प्रदेशभित्र विपद्बाट विशेष परिस्थितिको सिर्जना भई प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्वाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम मन्त्रालयले परिषद्को निर्णयमा खरिद वा निर्माण कार्य गर्न सक्नेछ।

३२. **<u>राहत वितरणका मापदण्ड</u>**ः (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहतमा दोहोरो नपर्ने गरी मन्त्रालयबाट निर्धारित मापदण्ड बमोजिम राहत उपलब्ध गराईनेछ।

तर नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहत अपुग भएको भन्ने कुरा कोष सञ्चालक समितिलाई लागेमा थप राहत उपलब्ध गराउन माथिको कानुनी व्यवस्थाले बाधा पुगेको मानिने छैन।

(२) राहत वितरण गर्दा विपद् प्रभावितको आवश्यकतालाई मुख्य आधार मानिनेछ ।

(३) गर्भवती, सुत्केरी, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरुको प्रबन्ध गरिनेछ ।

(४) विपद् प्रभावितको आर्थिक अवस्थाको आधारमा राहत वितरण गर्दा अति विपन्नलाई प्राथमिकता दिनु पर्नेछ।

(५) प्रदेशको समग्र आर्थिक अवस्थाको आधारमा राहत वितरण गरिनेछ ।

३३. **<u>अधिकार प्रत्यायोजन</u>:** परिषद्ले आवश्यकतानुसार आफूमा रहेको केही वा सबै अधिकार कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

moial.lumbini.gov.np

३४. **अन्तर प्रदेश सहयोगः** (१) विपद् व्यवस्थापनका कार्यमा अन्य प्रदेशसँग भौतिक, आर्थिक, प्राविधिक लगायतका आवश्यक अन्य सहयोगको आदान-प्रदान गर्न सकिनेछ।

(२) अन्तर प्रदेश सहयोगको आदानप्रदान प्रदेश सरकारको निर्णय बमोजिम हुनेछ ।

३५. **अभिलेख राख्नु पर्नेः** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने जिम्मेवारी मन्त्रालयमा रहेको विपद् व्यवस्थापन समन्वय शाखाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्दा विपद् जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, यौनिक तथा अल्पसंख्यक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति र संकटासन्न समूहका व्यक्तिहरुको संख्या र निजहरुलाई वितरण गरिएको राहत सामग्री समेतको यकिन हुने गरी विवरण राख्नु पर्नेछ ।

(३) यस दफा बमोजिम संकलन भएको विवरणको अभिलेखको संरक्षण, सुरक्षा तथा दुरुपयोग रोक्न तोकिए बमोजिमको व्यवस्था गरिनेछ ।

३६. **राहत वितरण गर्न एकद्वार प्रणालीको व्यवस्था गर्नेः** राहत वितरणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले एकद्वार प्रणालीको व्यवस्था गर्नेछ ।

३७. **पुरस्कार दिन सक्नेः** प्रदेशको विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने राष्ट्रसेवक, स्थानीय तह, व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप परिषद्को सिफारिसमा प्रदेश सरकारले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

moial.lumbini.gov.np

३८. **वार्षिक प्रतिवेदनः** (१) कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

३९. **प्रशासनिक खर्च व्यवस्थापन**: कार्यकारी समिति र प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्य सँग सम्बन्धित प्रशासनिक खर्च मन्त्रालयले व्यवस्था गर्नेछ।

४०. **नियमावली बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली बनाउन सक्नेछ ।

४१. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि मन्त्रालयले निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

४२. **बचाउ**: यो ऐन प्रारम्भ हुँदाका बखत विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारबाट भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

moial.lumbini.gov.np